प.सं./०८१/०८२
च.नं. ३४३२

मितिः २०८१/०८/२१
नेपाल संवत् ११४५ थिंलाथ्व, ५ शुक्रवार

# कर्मचारी तहबृद्धि सम्बन्धी सूचना।

प्रस्तुत सम्बन्धमा कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा" (३) तथा धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि २०८० को दफा ४(१) बमोजिम योग्यता पुगेका यस कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्रमा दरखास्त पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उम्मेद्वारले दरखास्त दिदा ध्यान दिनुपर्ने विषयहरुः-

क. धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुले कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको कार्यविधि २०८० को अनुसूची -२ बमोजिम निवेदन र उक्त अनुसूचीमा उल्लिखित तपसिल अनुसारका आवश्यक कागजातहरु समेत पेश गर्न हुन।

१. स्थायी नियुक्तिको पत्र।

२. समायोजनको पत्र।

३. बढुवा /स्तरबृद्धि भएको पत्र।

४. नेपाली नागरिकताको प्रमाणपत्र।

५. शैक्षिक योग्यताको प्रमाणपत्र।

निवेदन पेश गर्ने निकायः धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रशासन महाशाखा।

२०८१।०८।२१

गणेशप्रसाद खतिवडा
शिक्षा महाशाखा प्रमुख